# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय
## (परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-५१९५५६८ (Exam Thesis)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np

व्यवस्थापन संकाय
डीनको कार्यालय
कीर्तिपुर

मितिः- २०७६ । ०८ । ०९

## मौका परीक्षाको परीक्षा फाराम भर्ने सूचना

त्रि. वि. व्यवस्थापन संकायबाट संचालित सिमेष्टर प्रणालीको Master of Business Studies (MBS) तथा Master of Public Administration (MPA) कार्यक्रमको चौथोसत्रको मौका परीक्षा (Chance examination) **२०७६ पुस महिनाको पहिलोसातादेखि** संचालन हुने भएकोले **चौथोसत्रको नियमित परीक्षामा अधिकतम दुई विषयसम्म अनुतीर्ण भएका परीक्षार्थीहरुले मात्र** आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरि परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०७६ । ०८ । २० गते भित्र बुझाई सक्नुपर्नेछ । साथै सम्बन्धित क्याम्पस / कलेजले सो परीक्षा फाराम मिति २०७६ । ०८ । २४ गते भित्र क्रमानुसार रोल नं. मिलाई एवं विषय रुजुगरी आवश्यक शूल्क (प्रति परीक्षार्थी प्रति विषय रु ३०० का दरले), यस परीक्षा नियन्त्रण महाशाखाको Website: fomecd.edu.np मा उपलब्ध गराईएको नमुना बमोजिमको समष्टिगत विद्यार्थी विवरण फारम समेत अनिवार्य रुपमा उपलब्ध गराउन यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त समष्टिगत विद्यार्थी विवरण को electronic copy यस महाशाखाको email id: mgmtdean.exam@gmail.com मा समेत उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**विलम्ब शूल्क :** फाराम भर्ने म्याद सकिएको भोलिपल्ट देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु २००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ४००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

***नोटः*** ***नियमित परीक्षाको लब्धाङ्कपत्रको प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने छ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।***

....................................
प्रा. डा. ध्रुवकुमार गौतम
सहायक डीन